अनुसूची ६

(दिग्दर्शनको दफा ५.५.३ संग सम्वन्धित)

## <u>स्थानीय तहको आर्थिक ऐन</u>

### फाल्गुनन्द **गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको** ऐन २०७५/७६

गाउसभाबाट स्वीकृत मिति-२०७५/०४/३१

**प्रस्तावनाः** फाल्गुनन्द गाउँपालिकाको आर्थिक वर्ष -७५.७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको धारा -२- को उपधारा - बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** . यस ऐनको नाम “आर्थिक ऐन -७५.७६” रहेको छ ।

 - यो ऐन -०७५ साल श्रावण गतेदेखि फाल्गुनन्द गाउँपालिकाको क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** फाल्गुनन्द गाउँपालिका क्षेत्रभित्र अनुसूचि . बमोजिम एकिकृत सम्पत्ति करघरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर .मालपोत:** फाल्गुनन्द गाउँपालिकाको क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि - बमोजिम भूमि कर .मालपोत लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** फाल्गुनन्द गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि . बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** फाल्गुनन्द गाउँपालिकाको क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि - बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** फाल्गुनन्द गाउँपालिकाको क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि .५ बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकानगरपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

७. **विज्ञापन करः** फाल्गुनन्द गाउँपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि .६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन

२०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

८. **मनोरञ्जन करः** फाल्गुनन्द गाउँपालिकाको क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि .७० बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन‚ २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **बहाल बिटौरी शुल्कः** फाल्गुनन्द गाउँपालिकाको क्षेत्रभित्र आफुले निर्माण‚ रेखदेख वा संचालन गरेका हाट बजार‚ पसल वा सरकारी जग्गामा अनुसूचि .८० मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **सेवा शुल्क‚ दस्तुरः** फाल्गुनन्द गाउँपालिकाले निर्माण‚ संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची १ः** फाल्गुनन्द गाउँपालिका**ले लगाउने सम्पत्ती करका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

| विवरण | दर रु | कैफियत |
|---|---|---|
| दुई वा सोभन्दा बढी तला भएको पक्की घर | ८५०। | बजार क्षेत्रमा |
| अर्ध पक्की घर (एक तला पक्कीमाथी) | ६५०। | बजार क्षेत्रमा |
| एक तले पक्की घर | ५५०। | बजार क्षेत्रमा |
| अर्ध पक्की घर | ४५०। | बजार क्षेत्रमा |
| जस्ताको छानो भएको घर ३ कोठाभन्दा माथी | ३५०। | बजार क्षेत्रमा |
| जस्ताको छानो भएको घर ३ कोठासम्मको | २००। | बजार क्षेत्रमा |
| टाईल, खर वा परालको छानो भएको घर | १००। | बजार क्षेत्रमा |

**अनुसूची २ः फाल्गुनन्द गाउँपालिकाले लगाउने भूमीकर .मालपोत॰का क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

| | खेत | पाखोबारी | कैफियत |
|---|---|---|---|
| विवरण | दर रु | दर रु | |
| अब्बल | ८। | ६। | प्रतिरोपनी |
| दोयम | ६। | ५। | प्रतिरोपनी |
| सिम | ५। | ३। | प्रतिरोपनी |
| चाहर | ३। | १। | प्रतिरोपनी |

**अनुसूची ३ः** फाल्गुनन्द **गाउँपालिकाले लगाउने घर जग्गा वहाल करका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

गाउँपालिकाको बजार क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आँशिक तवरले बहालमा दिएकोमा वहालमा दिइएको कुल रकमको १० प्रतिशत वहाल कर लिइनेछ ।

**अनुसूची ४ः ः** फाल्गुनन्द **गाउँपालिकाले लगाउने व्यवसाय करका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

| क. सं. | विवरण | २ लाख सम्म | ५ लाख सम्म | १० लाख वा माथि |
|---|---|---|---|---|
| | | चालु आ.व. दर रु. | | |
| १ | किराना पसल | २००। | ५००। | १०००। |
| २ | चिया, नास्ता पसल | १००। | २००। | ३००। |
| | होटल -खाना नास्ता मात्रै) | ३००। | ७००। | १०००। |
| ३ | होटल -खाने बस्ने सुविधा सहित) | ५००।<br>७००।<br>१०००। | १०००।<br>१५००।<br>२०००। | २०००। A<br>२५००। B<br>३०००। C |
| ४ | थान कपडा पसल (थान कपडा सँगै तेल तथा अन्य कारोबार समेत भएमा बेग्लाबेग्लै कर लाग्नेछ ।) | २००। | ७००। | १५००। |

| | | | | |
|---|---|---|---|---|
| | ह्राडवेयर तथा भाडा पसल | १५००। | १७००। | २०००। |
| ५ | हार्डवेयर पसल | १०००। | १५००। | २०००। |
| ६ | तरकारी तथा फलफुल पसल | ५०। | ७५। | १००। |
| ७ | स्टेसनरी, पुस्तक, पत्रपत्रिका पसल | ४००। | ७००। | १०००। |
| ८ | फेन्सी कपडा पसल | २००। | ५००। | १०००। |
| ९ | औषधी पसल | ५००। | ७५०। | १०००। |
| | टेलरिङ | ३००। | ५००। | १०००। |
| १० | टेलरिङ तथा थान कपडा | ५००। | ७५०। | १०००। |
| ११ | फर्निचर पसल | ५००। | १०००। | २०००। |
| १२ | ट्यूसन कोचिङ सेन्टर | ५००। | ७५०। | १०००। |
| १३ | मदिरा तथा किराना पसल | १०००। | १५००। | २०००। |
| १४ | सुनचाँदी पसल | २०००। | ४०००। | ६०००। |
| | सुनचाँदी मर्मत सेन्टर | ३००। | ५००। | १०००। |
| १५ | भाँडा पसल | ५००। | १०००। | १५००। |
| १६ | घडी, मोबाइल, रेडियो, लगायत इलेक्ट्रोनिक्स पसल | ५००। | १०००। | २०००। |
| १७ | घडी, मोबाइल, रेडियो मर्मत पसल | ३००। | ५००। | ७००। |
| १८ | ब्यूटिपार्लर, हजाम | २००। | ५००। | ७००। |
| १९ | मोटरसाइकल मर्मत सेन्टर | ५००। | १०००। | १५००। |
| २० | मनी ट्रान्सफार | १०००। | १५००। | २०००। |
| २१ | मासु पसल | २००। | ५००। | ८००। |
| २२ | कस्मेटिक पसल | ३००। | ५००। | १०००। |
| २३ | कम्यूनिकेशन सेन्टर | ४००। | ६००। | १०००। |
| २४ | जुत्ता चप्पल पसल | २००। | ५००। | १०००। |
| २५ | फोटो स्टुडियो | ४००। | ६००। | १०००। |
| २६ | स्नोकर/पुल हाउस | ३,०००। | ४,०००। | ५,०००। |
| २७ | निजि अस्पताल/ पालिक्लिनिक/वाणिज्य बैंक/विकास बैङ/क्याम्पस | बर्षिक रु. १०,०००। | | |
| २८ | फाईनान्स/क्लिनिक/ल्याब/सहकारी संस्था | बर्षिक रु. ३,०००। | | |

| विवरण | दर रु | कैफियत |
|---|---|---|
| टोकरी पाँच केजि सम्मको | १० | |
| टोकरी पाँच केजि भन्दा बढिको | १० | |
| तरकारी प्रति डोको | १० | |

| | | |
|---|---|---|
| तरकारी प्रति ट्रयाक्टर, पिकअप | १०० | |
| माछा (पोका) | ५० | व्यापारीक प्रयोजनको लागी ल्याएको |
| माछा (भारी) | ५० | व्यापारीक प्रयोजनको लागी ल्याएको |
| खसी प्रति गोटा<br>बाखा, बोका तथा पाठा | २५<br>१५ | |
| सँगुर पाठा प्रति गोटा | १५ | |
| कुखुरा प्रति गोटा | ५ | |
| मासु सुँगुर प्रति गोटा | २०० | |
| मासु राँगा प्रति गोटा | ३०० | |
| मासु खसी | २०० | |
| रेडिमेड कपडा | १५ | |
| किराना तथा मिठाई | १० | |
| छाता मर्मत | १० | |
| फलफुल बिक्रेता | २० | |
| खाने तेल मट्टितेल बिक्रेता | १० | |
| चटपटे बिक्रेता | १० | |
| सरसामानको प्रचार प्रसार | १०० | |
| कुम्हाले भाडा बिक्रेता | २० | |

| | | |
|---|---|---|
| मिठाई प्रति पसल | १५ | |
| पाउरोटी, वरफ, आईसक्रिम | १५ | |
| जुत्ता चप्पलको पसल | १५ | |
| ईलेक्ट्रोनिक्स पसल | १५ | |
| अन्न प्रति भारी | १० | |
| काठको सामाग्री | २० | |
| कृषि औजार | १५ | |
| बाँसको सामाग्री | १५ | |
| अन्य प्रकृतिअनुसार दर निर्धारण गरिनेछ । | | |

**अनुसूची ५ः ः फाल्गुनन्द गाउँपालिकाले लगाउने सवारी साधन करका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

| क.सं. | सवारीको नाम | बार्षिक दर रु | मसिक दर | पटके |
|---|---|---|---|---|
| १ | ट्याक्टर | २,५००। | ४००। | २०। |
| २ | मोटरसाइकल | २००। | ३०। | ०। |
| ३ | ट्याक्सी | २,०००। | ३००। | १५। |
| ४ | रोलर/जेसिबी | ३,५००। | ४५०। | ३००। |
| ५ | स्काभेटर, १२०/१४० एच पी | ३,५००। | ४५०। | ४००। |
| ६ | स्काभेटर, १४० एच पी भन्दा माथि | ३,५००। | ४५०। | ५००। |
| ७ | बस | २०००। | २५०। | १०। |
| ८ | ट्रक | २०००। | ३००। | १५। |

| | | | | |
|---|---|---|---|---|
| ९ | पिकअप भ्यान | १५०० | १५० | १० |
| १० | सरकारी मोटरसाईकल तथा अन्य सवारी साधन | ० | ० | ० |

**अनुसूची ६ः** फाल्गुनन्द **गाउँपालिकाले लगाउने विज्ञापन करका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

| विवरण | होर्डिङ बोर्ड | वाल पेन्टिङ | तुल व्यानर (व्यापारिक प्रयोजनको लागि मात्र) |
|---|---|---|---|
| प्रति वर्ग फिट | १०। | ५। | ५। |

अन्य :

| विवरण | प्रति वटा बार्षिक दर रु. |
|---|---|
| मोवाइल टावर | १०,०००। |
| व्यापारिक प्रयोजनका वाईफाई टावर लगायत | २,०००। |

**अनुसूची ७ः** फाल्गुनन्द **गाउँपालिकाले लगाउने मनोरञ्जन करका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

जिल्ला प्रशासन कार्यालय वा गाउँकार्यपालिकाको कार्यालयबाट अनुमति वा स्विकृति लिई गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जनात्मक कार्यक्रम, पर्व, मेला , महोत्सव सञ्चालन गरे वापत प्रति कार्यक्रम एकमुष्ठ रु. ३००० मनोरन्जन वापतको कर आयोजकसँग लिइनेछ ।

**अनुसूची ८ः** फाल्गुनन्द **गाउँपालिकाले लगाउने बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेको हाट बजार, पसल, हल, सामुदायिक भवन वा अन्य कुनै पनि किसिमको व्यवसायिक भवन प्रयोगमा ल्याइएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम वहाल विटौरी करको रुपमा लगाइनेछ ।

**अनुसूची ९ः** फाल्गुनन्द **गाऊँपालिकाले लगाउने शुल्क तथा दस्तुरका क्षेत्र र दरहरु** निम्न बमोजिम हुनेछ।

| क.सं. | | चालु आ.व. सिफारिस दस्तुर रु. | आ.व. ०७५/०७६ को सिफारिस दस्तुर रु. |
|---|---|---|---|
| १ | **निवेदन** | १०। | १०। |
| २ | **नागरिकतासम्बन्धी सिफारिस** | | |
| क | अनुसुची १ नगरिकता सिफारिस | ३००। | ३००। |
| ख | अनुसुची २ प्रतिलिपि सिफारिस | १००। | ४००। |
| ग | नागरिकता विवरण संशोधन | २००। | ५००। |
| घ | नागरिकता सर्जमिन | ५००। | ५००। |
| ङ | अङिगकृत नागरिकता सिफारिस | ०। | १,५००। |
| ३ | **जग्गाको स्रेस्ता कार्यान्वयन तथा दर्ता सिफारिस** | | |
| क | बजार क्षेत्रसँग जोडिएका जग्गा प्रति रोपनी | १००। | १००। |
| ख | ग्राभेल सडकले जोडिएका जग्गा प्रति रोपनी | ५०। | ५०। |
| ग | कच्ची सडकले जोडिएको जग्गा प्रति रोपनी | २५। | २५। |
| घ | अन्य जग्गा प्रति रोपनी | २०। | २०। |
| ४ | **जग्गाको चारकिल्ला प्रमाणित** | | |
| क | १५ रोपनीसम्म | ४००। | ४००। |
| ख | ३० रोपनीसम्म | ५००। | ५,००। |
| ग | ३० रोपनीभन्दा बढी | १०००। | १०००। |

| | | | |
|---|---|---|---|
| ५ | **जग्गाको चारकिल्ला सिफारिस** | | |
| क | १५ रोपनीसम्म | ४००। | ४००। |
| ख | ३० रोपनीसम्म | ६००। | ६००। |
| ग | ३० रोपनीभन्दा बढी | ७००। | ७००। |
| ६ | **घर जग्गा मुल्यांकन तथा आम्दानी प्रमाणित** | | |
| क | घर जग्गाको मुल्यांकन | | |
| अ | रु १० लाखसम्म | ०.२० % | ०.२० % |
| आ | रु ५० लाखभन्दा | ०.१५% | ०.२० % |
| इ | रु ५० लाखसम्म माथी | ०.१० % | ०.२० % |
| ख | आम्दानी प्रमाणित प्रतिहजार | | |
| अ | रु १० लाखसम्म प्रतिहजार | ०.२० % | ०.२० % |
| आ | रु ५० लाखसम्म प्रतिहजार | ०.१५ % | ०.२० % |
| इ | रु ५० लाखभन्दा माथी प्रतिहजार | ०.१० % | ०.२० % |
| ७ | **शीर्षक** | | |
| क | **घरबाटो प्रमाणित** | **५००।** | **५००।** |
| ख | **धनीपुर्जामा घर कायम सिफारिस** | **५००।** | **५००।** |
| ८ | **जग्गा सम्बन्धी सिफारिस** | | |
| क | पुर्जामा विवरण सँशोधन | २००। | २००। |
| ख | पुर्जा हराएको | २००। | २००। |
| ग | जग्गा नरबढी कायम | ५००। | ५००। |
| ९ | **पेन्सन सम्बन्धी सिफारिस** | | |
| क | पेन्सन नामसारी | १०००। | १०००। |
| ख | परिवार विवरण प्रमाणित | ३००। | ३००। |

| | | | |
|---|---|---|---|
| ग | हकवाला जिवित रहेको /अपुतालि सिफारिस | ५००। | ५००। |
| १० | **घर सार्ने तथा नीजी बनको काठ सिफारिस** | | |
| क | गोलिया प्रति कारोबार | ० | |
| ख | दाउरा प्रति कारोबार | ० | |
| ग | रुख प्रति गोटा | २०। | |
| | उतिस, मलतो, मौवा, सिरिस लगायत जातका | | ३०। |
| | सल्लो र चिलाउने लगायत जातका | | ५०। |
| | खयर लगायत जातका | | ३००। |
| ११ | **हातहातियार नविकरण सिफारिस प्रतिगोटा** | १०००। | ५,०००। |
| १२ | **अन्य सिफारिस** | | |
| क | नाता प्रमाणित | ३५०। | ३५०। |
| ख | स्थायी बसोबास चालचालन, सा.सू. ठाँउसारी सिफारिस/प्रमाणित | २००। | २००। |
| ग | जन्म, मृत्यु, बिवाहित, अबिवाहित प्रमाणित | १००। | ३००। |
| घ | बैदेशिक रोजगार प्रमाणित | २००। | ५००। |
| ङ | घरेलु उद्योग दर्ता सिफारिस | ८००। | ८००। |
| च | कर चुक्ता प्रमाणित | ८००। | ८००। |
| छ | धारा विद्युत, फोन जडान सिफारिस | ३००। | ३००। |
| ज | नाबालक परिचय पत्र सिफारिस/प्रमाणित | १००। | १००। |
| झ | दुई वटा नाम प्रमाणित सिफारिस | ३००। | ३००। |

| | | | |
|---|---|---|---|
| ञ | आदिवासी, जनजाति, दलित, अल्पसंख्यक, मधेसी, मुस्लीम र छात्रवृति सिफारिस तथा प्रमाणित | २००। | ३००। |
| ट | प्राविधिक स्टिमेट निर्माण तथा सिफारिस (सरकारी कार्यालय बाहेकको) | | **कुल लागत मूल्याङकनको ०.२० %** |
| ठ | बैङमा घर जग्गा मूल्याङकन सहित ऋणको लागि सिफारिस | | **कुल लागत मूल्याङकनको ०.२० %** |
| ड | पेट्रोल पम्प तथा ठुला उद्योग दर्ता /सिफारिस | | २५,०००। |
| ढ | अपांगता तथा आर्थिक सहायता सिफारिस | | **निशुल्क** |
| ण | कोर्ट फि मिनाहा सिफारिस | | **निशुल्क** |
| १२ | यसमा उल्लेख नभएका सिफारिस तथा प्रमाणित प्रकृति हेरी | ३००। | ३००। |
| १३ | **घर नक्सा पास** | **पक्की घर** | **कच्ची घर** |
| क | नयाँ घर प्रति वर्ग फुट | ३ | २ |
| ख | पुरानो घर प्रति वर्ग फुट | २ | १ |
| ग | कम्पाउण्ड पर्खाल प्रति वर्ग फुट | १ | ०.५० |
| १४ | **बिक्रि आय** | | |
| क | पुराना सामान, दाउरा, कागज, काठ, टिन तथा फलाम विक्री | प्रति पिकअप,ट्याक्टर - ५००।<br>प्रति टक - १०००। | प्रति पिकअप,ट्याक्टर - ५००।<br>प्रति टक - १०००। |

| | | | |
|---|---|---|---|
| ख | फाराम बिक्रि | १०। | १०। |
| ग | ऐन, नियमावली, कार्यविधि, गाउँ पर्श्वचित्र आदि | **मुल्य तोकेबमोजिम** | **मुल्य तोकेबमोजिम** |
| घ | कार्यालयको कागजात उतार प्रतिलिपि प्रति पाना | ५। | ५। |
| १५ | **दण्ड सजाय** | | |
| क | पञ्जिकरण बिलम्ब शुल्क | ५० | ५० |
| ख | पञ्जिकरण सेवा शुल्क | ५० | ५० |
| ग | पञ्जिकरण प्रतिलिपि | १०० | १०० |
| | | | |

- माथि उल्लिखित सिफारिस सम्बन्धि कागजात अंग्रेजी भाषामा उपलव्ध गराउनु परे सुरु दस्तुरको दोव्वर लाग्ने ।
- वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट प्रमाणित गर्नुपर्ने कागजातमा पुनः दस्तुर नलाग्ने ।
- माथि उल्लीखित सिफारिस सम्बन्धि कागजात हराई वा नष्ट भइ सो को प्रतिलिपि लिन आउँदा पुनः सुरु दस्तुर लगाउन उपयुक्त हुने ।
- अन्य गाउँपालिका सेवा शुल्क सम्बन्धी व्यवस्था गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## समाप्त